जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक १६० २०७७ साल माघ १० गते शनिबार (23 Jan. 2021 Saturday) मूल्य रु. ५/-

*Log on : rajbirajdainik.com.np*

**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- मासिक बीस हजार रुपैयाँभन्दा बढीमा घर बहालमा दिँदा घर बहालमा लिने दिने व्यक्तिले लिखित सम्झौता गर्नु पर्ने,
- काम लगाउने व्यक्तिले काम गर्ने व्यक्तिलाई कामको अनुपातमा ज्याला दिनु पर्ने,
- पचास हजार रुपैयाँ भन्दा बढी रकम लेनदेन गरी घरसारमा तयार भएको लिखत स्थानीय तहबाट प्रमाणित गराउनु पर्ने,
- धर्मपुत्र धर्मपुत्री राख्दा जिल्ला अदालतबाट प्रमाणीकरण गराउनु पर्ने,
- सार्वजनिक पदाधिकारीले पदीय हैसियतमा नाम र दर्जा खुलाई कुनै लिखतमा हस्ताक्षर गर्नु पर्नेमा सो नगरे पाँचसय रुपैयाँसम्म जरिवाना हुन सक्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : पहिलो चरणमा प्रदेश दुई,.. २ पृष्ठमा : श्रीलङ्काद्धारा कोभिडका कारण... ३ पृष्ठमा : देशभरमा ३ सय २ ...

# प्रधानमन्त्रीद्वारा हिटलर शैली प्रदर्शन : जसपा वरिष्ठ नेता महतो




**दैनिक समाचारदाता**
**राजविराज, ९ माघ ।**

जनता समाजवादी पार्टीका वरिष्ठ नेता राजेन्द्र महतोले प्रधानमन्त्री केपी शर्मा ओलीले हिटलरको शैली प्रदर्शन गरेको आरोप लगाएका छन् ।

राजविराजमा शुक्रबार प्रेस मञ्च तथा प्रेस नेपालद्वारा संयुक्त रुपमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै उनले सो आरोप लगाउँदै स्वेच्छाचारी भएका कारण हिटलरको जसरी पतन भयो त्यसरी नै संविधान मिचेर संसद विघटन गरेका प्रधानमन्त्री ओलीको पनि पतन निश्चित रहेको भने ।

नश्लिय चिन्तनको आधारमा बनाइएका पहिलेका सात वटा संविधान असफल भएको उदाहरण दिँदै उनले संविधानसभाबाट निर्माण गरिएको वर्तमान संविधान पनि त्रृटीरहित नहुन सकेका कारण आफूहरु त्यसलाई सच्याउने अभियानमा लागेको स्पष्ट समेत पारे ।

एक अर्को प्रसङ्गमा प्रधानमन्त्रीले प्रतिनिधिसभा विघटन गरेको विषय अहिले अदालतमा विचाराधिन रहेको भन्दै नेता महतोले अदालतले दिने निर्णयको प्रतिक्षामा आफूहरु रहेको बताउनुभयो । पहिले अदालतको निर्णय आओस् त्यसपछि कसरी अघि बढ्ने कुराको भविष्यमा निर्णय हुने उनको कथन छ ।

मुलुकलाई सबैको साझा बनाउनका लागि सर्वस्विकार्य संविधान बनाउने उद्देश्यका साथ वैकल्पिक शक्ति निर्माणको अभियानमा आफूहरु जुटेको नेता महतोको भनाई छ ।

पत्रकार सम्मेलनमा जसपाका नेतृ रेणु यादव, कार्यकारिणी सदस्य मृगेन्द्र कुमार सिंह यादव, प्रदेशसभा सदस्य मनिष समुन लगायतका नेता सहभागि थिए ।

# ट्याक्टर दुर्घटनामा एकको मृत्यु, चार घाइते

**दैनिक समाचारदाता**
**राजविराज, ९ माघ ।**

सप्तरीको कंचनरूप नगरपालिका वडा नं. ११ ठेलीया टोलको बिहीबार राती नहरमा ट्याक्टर पल्टिदा एक जनाको मृत्यु भएको छ भने चार जना घाइते भएका छन ।

दक्षिणबाट उत्तर तर्फ आउदै गरेको प्रदेश नं.०२ - ०१००१ त ००३२ नम्बरको ट्याक्टर आफै अनियन्त्रत भई नहरमा पल्टीदा सो दुर्घटना भएको प्रहरीले जनाएको छ ।

ट्याक्टरमा सवार जिल्लाको कंचनरुप नगरपालिका ११ बस्ने १८ बर्षीय राम अशिष रामको घट्नास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी भुवनेश्वर साहले जानकारी दिएका छन् ।

त्यस्तै सो दुर्घटनामा ट्याक्टरमा सवार स्थानिय १६ बर्षीय कृष्ण साह, १७ बर्षीय बिशाल राम, १७ बर्षीय सुनिल कुमार राम र अग्निसाईर कृष्णसावरण गाउपालिका वडा नं.२ मटिगढा बस्ने २१ बर्षीय मदन साह घाइते भएको इलाका प्रहरी कायलय कंचनपुरले जनाएको छ ।

यता घाइते सबैको रुपनी गाउँपालिका रायपुरस्थित युनिक अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कायर्यलाय सप्तरीले जनाएको छ ।

# सप्तरीमा कोरोना संक्रमितको संख्या शुन्य

**दैनिक समाचारदाता**
**राजविराज, ९ माघ ।**

शुक्रबारसम्ममा सप्तरी जिल्लामा कोरोना संक्रमितको संख्या शुन्य रहेको छ ।

दुई जनाको पिसिआर रिपोर्ट शुक्रबार नेगेटिभ आएपछि जिल्लामा एकजना पनि संक्रमित नरहेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवका अनुसार पछिल्लो समयमा जिल्लाभरि १३ वटा क्वारेन्टाइन र ७ वटा संस्थागत आइसोलेशन रहेकोमा

*बाँकी दुई पृष्ठमा*

# २०७२ को संविधान असफल भयो, २०४७ कै लागु गरौं : राजतन्त्र पक्षधर किशोरी महतो



**दैनिक समाचारदाता**
**राजविराज, ९ माघ ।**

२०४७ सालको संविधान पुर्नस्थपना अभियानका अध्यक्ष किशोरी महतोले २०७२ सालको संविधान असफल भएको भन्दै २०४७ सालकै संविधान लागु गर्न माग गरेका छन् ।

शुक्रबार राजविराजमा सो अभियानद्वारा आयोजित पत्रकार सम्मेलनमा अभियानका अध्यक्ष महतोले गणतन्त्रसँगै २०७२ सालको संविधान पनि असफल भएको कुरा प्रधानमन्त्री केपी शर्मा ओलीले चालेको कदमले प्रस्ट पारेको दाबी समेत गरे ।

उनले धर्मनिरपेक्षता, संघीयता र गणतन्त्रको अन्तय गरि संबैधानिक राजसंस्था र हिन्दु अधिराज्य कायम गर्न देशैभर अभियान चलाइएको जानकारी दिदै देशको वर्तमान अन्यौलपूर्ण अवस्थाले पनि पुष्टि गरेको भन्दै देशमा हिन्दु राष्ट्र र राजासहितको प्रजातन्त्र स्थापना हुनु पर्नेमा जोड समेत दिए ।

सोही पत्रकार सम्मेलनमा उनले अभियानकै क्रममा पूर्व श्री ५ वडामहारानी कोमल राज्यलक्ष्मी देवी शाहको शुभजन्मोत्सव एवं प्रजातन्त्र दिवस राजविराजको राजरंगशालामा भब्यताका साथ मनाउने निर्णय गरिएको जानकारी दिए ।



# पहिलो चरणमा प्रदेश दुई, गण्डकी, लुम्बिनी र सुदूरपश्चिममा निर्वाचन : प्रधानमन्त्री

काठमाडौं, ९ माघ (रासस) ।

प्रधानमन्त्री केपी शर्मा ओलीले आगामी निर्वाचन स्वच्छ, निष्पक्ष र धाँधलि रहित हुने सम्पन्न हुने बताउनुभएको छ । उहाँले भन्नुभयो , "मुलुक निर्वाचनको तयारीमा लागेको छ । सुरक्षा निकायले अहं भूमिका निर्वाह गर्ने बेला आएको छ ।"

सशस्त्र प्रहरी बलको २० औं स्थापना दिवसका अवसरमा शुक्रबार यहाँ आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले अगामी बैशाख १७ र २७ गते दुई चरणमा हुने प्रतिनिधिसभा निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न गर्न सबैको उत्तिकै दायित्व रहने समेत बताउनुभयो ।

प्रधानमन्त्री ओलीले पहिलो चरणमा प्रदेश दुईसहित गण्डकी, लुम्बिनी र सुदुरपश्चिम प्रदेशमा र दोस्रो चरणमा प्रदेश नं १ सहित वाग्मती र कर्णाली प्रदेशमा निर्वाचन हुने जानकारी दिनुभयो । "यसको औपचारिक निष्कर्ष निस्किसकेको छैन । कसो गर्दा उचित हुन्छ, त्यहीअनुसार अघि बढ्नुपर्ला भन्ने सोचेको छु ।" उहाँले भन्नुभयो ।

उहाँले सुरक्षा निकायलाई निष्पक्ष र विधिसम्मत तरिकाले अघि बढ्न आग्रह गर्नुभयो । अहिलेका अवस्थामा केही तत्वबाट विभिन्न घटना घटाउने चेष्टा हुन सक्नेतर्फ ध्यानाकर्षण गराउनुभयो । उहाँले घटना घट्नु अघि नै नियन्त्रण गर्न सुरक्षाकर्मीलाई निर्देशन दिनुभयो । यसका लागि अन्य सुरक्षाकर्मीसँग समन्वय गर्न पनि उहाँले सुझाव दिनुभयो ।

प्रधानमन्त्री ओलीले लोकतन्त्रलाई सहजरुपमा अघि बढ्न नदिने चेष्टाका झलक देखिएको बताउनुभयो । उहाँले कुनै पनि अवाञ्छित गतिविधि गर्ने तत्वप्रति सजक रहँदै यसको सामनाका लागि तयार रहन पनि आग्रह गर्नुभयो ।

**१४ गतेबाट खोप लगाउन शुरु**

प्रधानमन्त्री ओलीले यही माघ १४ गतेबाट कोभिड-१९ विरुद्धको खोप लगाउन शुरु गरिने जानकारी दिनुभएको छ । यसका लागि समूह तयार पारिसकेको उहाँले बताउनुभयो ।

मुलुकमा कोरोनालाई पराजित गर्ने अभियानको शुरुआत भइसकेको र नियन्त्रणको 'टर्निङ प्वाइन्ट'मा पुगेको प्रधानमन्त्री ओलीको भनाइ थियो । उहाँले पहिलो चरणमा अग्रभावमा रहेर कोभिड-१९ विरुद्ध खटिएका व्यक्तिलाई खोप लगाइने जानकारी दिनुभयो । पर्याप्त खोप नआइसकेकाले अझै केही महिना सावधानी अपनाउन प्रधानमन्त्री ओलीले सबैमा आग्रह गर्नुभएको छ ।

शान्ति, सुरक्षा, अमन चयनलगायत विपद् व्यवस्थापन र सङ्कटका बेला सशस्त्र प्रहरीले खेलेको भूमिकाको प्रशंसा गर्दै प्रधानमन्त्री ओलीले समयानुसार परिमार्जित हुँदै अघि बढ्न सशस्त्र प्रहरीलाई आग्रह गर्नुभयो ।

समारोहमा गृहमन्त्री रामबहादुर थापाले परिवर्तित वर्तमान अवस्थामा अहम भूमिका निर्वाह गर्न सशस्त्र प्रहरीलाई निर्देशन दिनुभयो । उहाँले आन्तरिक विद्रोह र आपराधिक गतविधि नियन्त्रणका लागि तयार रहनसमेत सुरक्षा निकायलाई निर्देशन दिनुभयो ।

उहाँले सशस्त्र प्रहरीको १७ जिल्लाका अस्थायी गुल्मलाई स्थायी बनाउने र सीमा निगरानी चौकीलाई ५०० पुऱ्याउने लक्ष्य गृहमन्त्रालयको रहेको जानकारी दिनुभयो । पर्वतीय उद्धार तालिम शिक्षालय बनाउने तयारी भइरहेकोसमेत गृहमन्त्री थापाले जानकारी दिनुभयो । उहाँले आवश्यकताअनुसार सशस्त्र प्रहरीमा जनशक्ति थप्दै लगिने पनि बताउनुभएको छ ।

सशस्त्र प्रहरी महानिरीक्षक शैलेन्द्र खनालले सङ्गठनले प्राप्त गरेको जिम्मेवारीलाई निर्भिक भएर पुरा गरेको जानकारी गराउँदै यस वर्ष सीमा निगरानी चौकीको सङ्ख्या बढाएर २२० पुऱ्याउने लक्ष्य राखिएको बताउनुभयो । उहाँले यस वर्ष रु एक अर्ब ४१ करोड अबैध सामान बरामद गरी भन्सार कार्यालया बुझाइएको समेत जानकारी दिनुभयो ।

उक्त समारोहमा बङ्गलादेशको ढाका म्याराथनमा स्वर्ण पदक ल्याउने सशस्त्र प्रहरीकी खेलाडी पुष्पा भण्डारीलाई पुरस्कार प्रदान गरिएको थियो । उत्कृष्ट हुने सशस्त्र प्रहरीको नं १ बाहिनी मुख्यालय सुनसरीलाई पुरस्कृत गरिएको थियो भने लाईफ टाइम एचिभमेन्ट अवार्डबाट पूर्वसशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक धनबहादुर थापा क्षेत्रीलाई सम्मान गरिएको थियो ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# हात्तीले दुई दर्जन घर भत्काए

काठमाडौं, ९ माघ (रासस) ।

सिरहाको गर्जना नगरपालिका-२ बन्दीपुरमा हात्ती स्थानीय बस्तीमा पसेर घर भत्काउनाका साथै अन्नबाली नष्ट गरेका छन् । विगत तीन/चार दिनदेखि हात्तीले गाउँमा स्थानीयवासीका घर भत्काएर धान, चामलका ढुकुटी नष्ट गरेको स्थानीयवासी शिव अञ्जनी दाहालले राससलाई जानकारी दिनुभयो ।

सो क्षेत्रमा दिनहुँ तीन/चार हात्ती गाउँमा पसेर घर भत्काउने र अन्नबाली नष्ट गरिरहेका छन् । हात्तीले स्थानीयवासी प्रकाश काफ्ले, सुदर्शन काफ्लेलगायतका १० घर भत्काएको र घरभित्रका धान चामल नष्ट गरेको दहालले बताउनुभयो । हात्तीले केराबारी तथा धानबाली पनि नष्ट गरेका छन् । दिउँसो उखुबारीमा लुकेर बस्ने र रातको समयमा घर बस्तीमा पसेर हात्तीले आतङ्क नै फैलाएपछि गाउँले त्रसित भएका छन् । हात्तीको आक्रमणबाट हुने क्षति रोक्नका लागि स्थानीय प्रशासनले आवश्यक पहल भइरहेको जनाइएको छ ।

सिराहाका प्रमुख जिल्ला अधिकारी प्रदीपराज कँडेलले हात्ती नियन्त्रणका लागि सबैखाले उपाय अवलम्बन गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार सिरहाको गर्जनादेखि बन्दीपुरसम्म पूर्वपश्चिम राजमार्गको उत्तर खण्डको करीब तीन किलोमिटर क्षेत्रमा हात्ती बस्तीमा गएर घर भत्काउने अन्नबाली नष्ट गरी स्थानीयवासीलाई त्रसित बनाएको छ । उक्त क्षेत्रमा हात्ती हिँड्ने परम्परागत रुट भएकाले पनि हात्तीले वर्षेनि दुःख दिने गरेको छ । त्यस क्षेत्रमा कतिपयले घरटहरा बनाएका छन् ।

हात्तीलाई नुन र रक्सी बनाउन प्रयोग गरिने सामग्री आदि मनपर्ने भएका कारण गाउँमा हात्तीले आक्रमण गरेको हुनसक्ने अनुमान गरिएको छ । हात्तीलाई नुन मनपर्ने आहारा भएकाले नुन खोज्न तथा रक्सी बनाउन प्रयोग गरिएका सामग्रीको गन्धले पनि हात्तीले दुःख दिने गरेको स्थानीय प्रशासनले जनाएको छ । हात्तीको आतङ्क रोक्न नुन भण्डारण नगर्न, रक्सी चुहावट नगर्न तथा केराको बोट नराख्न स्थानीय सरकार र प्रहरी प्रशासनले उर्दी जारी गरिसकेको छ ।

डिभिजन वन कार्यालय, नेपाल प्रहरी र सशस्त्र प्रहरीले ढ्याङग्रो ठट्टाउने, पटका पड्काएर सुरक्षित तवरले हात्ती धपाउने कार्य भइरहेको प्रजिअ कँडेलले बताउनुभयो । जिल्लामा हात्तीले हालसम्म दुई दर्जनभन्दा बढी घर भत्काउनाका साथै धेरैको अन्नबाली नष्ट गरेको छ । मानवीय क्षति भने भएको छैन । विगत २५ दिनदेखि हात्तीको समूहले विभिन्न स्थानमा दुःख दिइरहेको छ । कोशी टप्पु राष्ट्रिय निकुञ्ज वा झापा र सुनसरीबाट हात्ती आएको हुनसक्ने प्रशासनले जनाएको छ । झापा, सुनसरी, उदयपुर, सिराहा हुँदै अहिले कमलानदी किनारमा हात्ती पुगेका छन् ।

### *सप्तरीमा कोरोना ...*

आशंकित र संक्रमितहरु एउटै पनि बाकी नरहदा ती सबै आइसोलेशन र क्वारेन्टाइन खाली भएको छ ।

जिल्लामा हालसम्म २१ हजार १ सय ६८ जनाको स्वाब परिक्षण गरिएकोमा १९ हजार ३ सय ९९ नेगेटिभ तथा १ हजार ८ सय ३० जना पोजेटिभ आएको र ती मध्येका ४१ जना संक्रमितको मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ ।

## विश्व समाचार

### श्रीलङ्काद्वारा कोभिडका कारण बन्द सीमा सबै देशका लागि खुला

कोलम्बो, ९ माघ (रासस/सिन्ह्वा) ।

श्रीलङ्काले कोभिड १९को असरका कारण बन्द गरेको आफ्नो देशको सीमा अन्तर्राष्ट्रिय रुपमा नै खुला गरेको जनाएको छ । श्रीलङ्काको पर्यटन मन्त्रालयले बिहीबार सो कुराको जानकारी गराएको हो । बिहीबारबाट श्रीलङ्का आउने सबै अन्तर्राष्ट्रिय जहाजहरु पनि खुला गरिएको जानकारी दिइएको छ ।

यस अघि श्रीलङ्कामा कोभिडको कारण भन्दै स्थलमार्गका साथै अरु अन्तर्राष्ट्रिय उडानहरु पनि बन्द गरिएको थियो । श्रीलङ्काको पर्यटन मन्त्रालयले दिएको जानकारीअनुसार बिहीबार मात्र पनि ओमनबाट ५० जना श्रीलङ्काली नागरिक बोकेर ओमन एयरको विमान बिहीबार बन्दरनायके अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेको थियो ।

सो विमानस्थलमा पत्रकारहरुसँग कुरा गर्दै श्रीलङ्काली पर्यटन मन्त्री प्रसन्ना रणतुंगाले बिहीबारबाट श्रीलङ्काले विदेशी उडानहरु पनि खुला गरेको जानकारी दिनुभयो । उहाँले श्रीलङ्काको पर्यटन व्यवसाय निकै नै प्रभावित परेको अवस्थामा वर्तमान सरकारले यसरी विदेशी उडानहरु शुरु गरिदिएर निकै राम्रो काम गरेको भन्दै श्रीलङ्काली प्रधानमन्त्री र राष्ट्रपतिलाई पनि विशेष धन्यवाद दिनुभयो ।

उहाँले यहाँका होटल तथा पर्यटकहरुलाई सेवा दिने अरु सबै निकायहरुले आवश्यक मात्रामा स्वास्थ्यको सुरक्षाका मापदण्डहरु अपनाउने जानकारी दिनुभयो ।

यहाँ आउने सबै पर्यटकहरुलाई पनि सो मापदण्ड पालना गर्न भन्ने र स्वास्थ्य सुरक्षाका सबै मापदण्डहरु देशभित्र पनि अपनाइने भन्दै उहाँले श्रीलङ्काको पर्यटन क्षेत्र सुरक्षित रहेको बताउनुभयो । तर यहाँ आउने प्रत्येक पर्यटकलाई पिसिआर परीक्षण भने गरिने बताइएको छ । उहाँले विमानस्थलको आगमन कक्षमा नै विदेशी पर्यटकको पीसीआर परीक्षण गर्ने गरिएको बताउनुभयो । उहाँका अनुसार यहाँ हरेक दिन कम्तीमा पनि २ हजार ५०० जति विदेशी पर्यटकको पीसीआर परीक्षण गर्ने क्षमता रहेको छ ।

### भारतमा कोभिड-१९ को कारण मृत्यु हुने व्यक्तिको संख्या १ लाख ५३ हजार नाघ्यो

नयाँदिल्ली, ९ माघ (रासस/सिन्ह्वा) ।

भारतमा गत २४ घण्टामा कोरोना सङ्क्रमणको कारण १६३ जनाको मृत्यु भएपछि कोरोनाभाइरसबाट मृत्यु हुनेको सङ्ख्या एक लाख ५३ हजार ३२ जना पुगेको छ ।

यहाँ कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या मङ्गलबारसम्म एक करोड छ लाख २५ हजारभन्दा बढी पुगेको छ । विगत २४ घण्टाको अवधिमा भारतमा १४ हजार ५४५ नयाँ सङ्क्रमित फेला परेपछि कोरोना सङ्क्रमितको सङ्ख्या एक करोड छ लाख २५ हजार ४२८ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ ।

मन्त्रालयको पछिल्लो विवरणमा भारतमा एक करोड दुई लाख ८३ हजारभन्दा बढी व्यक्ति सङ्क्रमणमुक्त भएको देखिएको छ । हाल भारतमा एक लाख ८८ हजार ६८८ जना सक्रिय सङ्क्रमित रहेका छन् । भारतमा एक साता अघिदेखि कोभिड -१९ विरुद्धको खोप कार्यक्रम शुरु भएको छ ।

सो दिनदेखि हालसम्म १० लाख व्यक्तिले खोप लगाइसेकेका छन् । भारतको राष्ट्रिय राजधानी दिल्लीमा शुक्रबार २२७ जना थप व्यक्तिमा कोरोना भाइरसका सङ्क्रमण देखिएको र ८ जनाको मृत्यु भएको छ । भारतमा कोभिड-१९ शुरु भएयता भाइरस सङ्क्रमणको कारण दिल्लीमा १० हजार ७७२ को मृत्यु भइसकेको छ ।

यसैबीच, सरकारले देशका विभिन्न भागमा कोभिड-१९ परीक्षणलाई तीव्रता दिने बताएको छ । भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले बिहीबारसम्म देशभर १९ करोड १४ लाख ४८ हजारको हाराहारीमा नमूना परीक्षण गरेको छ । बुधबार एकै दिनमा मात्र आठ लाख २४२ जनाको कोभिड-१९ परीक्षण गरेको जनाइएको छ ।

### कारवाहीमा परी सोह्र तालिबान लडाकू मारिए

जलालाबाद, अफगानिस्तान, ९ माघ (रासस/सिन्हवा) ।

अफगानिस्तानको पूर्वी भागमा रहेको नान्गाहार प्रान्तमा अवस्थित शिर्जाद र खोगीआनी जिल्लामा तालिबान लडाकू लुकेर बसेको इलाका लक्षित भएको सुरक्षा कारवाहीमा परी कम्तीमा सोह्र लडाकू मारिएका प्रान्तीय सरकारद्वारा शुक्रबार प्रकाशित एक विज्ञप्तिमा जनाइएको छ ।

बिहीबार राति जारी गरिएको यस विज्ञप्तिका अनुसार खोगीआनी जिल्लाको आक्रम खिल क्षेत्र र शिर्जाल जिल्लाको हासिम खिल क्षेत्रमा गरिएको कारवाहीको क्रममा तालिबानका पाँच कमाण्डर पनि मारिएका जनाएको छ ।

कारवाहीको क्रममा तालिबान लडाकू लुकेर बसेको आखाडा र उनीहरुको जाँच चौकीलाई पनि ध्वस्त परेको जनाइएको छ । पछिल्लो दुई दशकदेखि हिंसा, हत्या र आतङ्कको चपेटामा परेको अफगानिस्तानमा पटक पटक शान्ति वार्ताको प्रयास थालिए पनि दिनहुँ राजनीतिक प्रेरित हत्या र हिंसाका घटना कायम नै छ । तालिबानी समूहले अहिले पनि सन् २००१ मा अमेरिकी नेतृत्वमा भएको आक्रमणबाट तालिबान शासन पतन हुँदाको अवस्थाकै शासकीय संरचना चाहेका छन् ।

तर अफगान सरकारका वार्ताकारले स्थायी युद्धविराम र हालको शासकीय प्रणाली यथावत् राख्न विशेष रुपमा जोड दिँदै आएका र हाल पनि सरकारको मुख्य एजेन्डा सोही रहेको छ । गतवर्ष फेब्रुअरीमा तालिबान र अमेरिकाबीच अफगानिस्तानमा तैनाथ अमेरिकी सेनाको संख्या कटौती गर्ने र सन् २०२१ को मे महिना भित्रै सबै सैनिक फिर्ता गरिसक्ने सम्झौता भएको थियो । अफगानिस्तान सरकार र तालिबानबीचको वार्ता शुरु भएदेखि पनि देशभित्र हिंसात्मक घटनामा कुनै कमी आएको छैन ।

पछिल्लो समय सरकारी पदाधिकारी, अधिकारवादी र पत्रकारलक्षित आक्रमण भइरहेका छन् । यहाँ हिंसामा परेर नागरिकको ज्यान जाने क्रम रोकिएको छैन् । तालिबानले जारी राखेको यस हिंसा हत्याको कारण तालिबानविरुद्ध सुरक्षा कारबाही जारी राख्न सुरक्षा अधिकारीहरु पनि बाध्य भएका छन् ।

# देशभरमा ३ सय २ जना संक्रमित थपिए

काठमाडौं, ९ माघ (रासस)। देशभर शुक्रबार बिहीबारभन्दा १७८ सक्रिय सङ्क्रमित घटेका छन्। पछिल्लो २४ घण्टामा ३०२ सङ्क्रमित हुँदा ४८० संक्रमण मुक्त भएकाले सक्रिय संक्रमितको संख्या कम भएको छ।

शुक्रबार थपिएका संक्रमितमध्ये पुरुष ५९ र महिला ५३ रहेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ। संक्रमणमुक्त भएका ४८० समेत गरी आजसम्म दुई लाख ६३ हजार ३४८ संक्रमणमुक्त भएको मन्त्रालयले जनाएको छ। निको हुने दर ९७ दशमलव नौ प्रतिशत रहेको छ। पीसीआर परीक्षणमध्ये संक्रमण दर १३ दशमलव दुई प्रतिशत छ। योसँगै जम्मा संक्रमितको संख्या दुई लाख ६८ हजार ९४८ पुगेको छ।

पछिल्लो २४ घण्टामा देशभरका प्रयोगशालामा गरी तीन हजार ५४५ नमूना परीक्षण भएको थियो। हालसम्म २० लाख ३५ हजार ३०१ नमूना परीक्षण भइसकेको छ। प्रति १० लाख जनसंख्यामा ६९ हजार ७४८ परीक्षण भएको बताइएको छ। हालसम्म पीसीआर परीक्षणमध्ये संक्रमण दर १३ दशमलव दुई प्रतिशत छ।

सक्रिय संक्रमितमध्ये हाल ८७९ होम आइसोलेसनमा छन्। प्रदेशअनुसार होम आइसोलेनमा रहनेको संख्या प्रदेश १ मा १०, प्रदेश २ मा एक, वाग्मती प्रदेश ६१२, गण्डकी प्रदेश २४, लुम्बिनी प्रदेश १६६, कर्णाली प्रदेश तीन र सुदुरपश्चिम प्रदेशमा ६३ रहेको छ।

देशभरमा गरी १५४ संक्रमित आईसीयूमा रहेका छन्। प्रदेश १ मा दुई, वाग्मती प्रदेशमा ५३, गण्डकी प्रदेशमा ६९ र लुम्बिनी प्रदेशमा २७, कर्णाली प्रदेशमा एक र सुदुरपश्चिम प्रदेशमा दुई सङ्क्रमित आईसीयूमा रहेका छन्। त्यस्तै, वाग्मती प्रदेशमा १९, गण्डकी प्रदेश सात र र लुम्बिनी प्रदेशमा पाँच गरी जम्मा ३१ संक्रमित भेण्टिलेटरमा रहेका छन्।

## शम्भुनाथ नगरपालिका
## नगर कार्यापालिकाको कार्यालय,
## कठौना, सप्तरी
## प्रदेश नं. २, नेपाल

प्रथम पटक प्रकाशित मिति २०७७।१०।९

**शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना**

यस शम्भुनाथ न.पा. अन्तर्गतका स्वास्थ्य संस्थाहरूलाई चालू आ.व. २०७७/०७८ को लागि आवश्यक पर्ने औषधीहरु **शिलबन्दी** दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले सप्लाई गर्ने इच्छुक इजाजत प्राप्त योग्यता पुगेका सप्लायर्स एवं विक्रेताहरूबाट निम्न शर्तहरूको अधिनमा रहि रित पूर्वकको शिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ।

शर्तहरू :-

१। यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र यस न.पा..को स्वास्थ्य शाखामा नियमानुसार रू. १०००।- दस्तुर (पछि फिर्ता नहुने गरि) र निवेदनमा रू. १०।- को टिकट टांसी दरभाउपत्र फारम खरिद गर्न सकिने छ।

२। दरभाउपत्र फारम खरिद गर्न लिखित निवेदन साथ आ.व. २०७७/०७८ को लागि नविकरण गरिएको सम्बन्धित विषयको कारोबार संचालन गर्न पाउने इजाजत पत्र वा फर्म दर्ता प्रमाण पत्र, नागरिकताको प्रमाण पत्र तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र आ.व. ०७६/०७७ को कर चुक्ता प्रमाण पत्र समेतका प्रमाणित प्रतिलिपि संलग्न गरि प्रोपराईटर स्वयं उपस्थित भई वा आधिकारिक अख्तियारी सहितको प्रतिनिधि पठाई खरिद गर्न सकिनेछ।

३। यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र यस न.पा.मा दरभाउपत्र दर्ता गराई सक्नु पर्नेछ। म्याद भित्र दर्ता भएका दरभाउपत्रहरू सोही दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहवरमा यस न.पा.मा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित रहेमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन।

४। दरभाउपत्र फारम खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिनेछ।

५। दरभाउपत्र फारम पेश गर्दा खामको बाहिर यस न.पा.को नाम सम्बोधन गरि दरभाउपत्र नं. र कामको विवरण तथा नाम स्पष्ट खुलाई शिलबन्दी खाम पेश गर्नु पर्नेछ।

६। दरभाउपत्र दाताले दरभाउपत्र जमानत धरौटी बापत नगद जमानत भए शम्भुनाथ न.पा. सप्तरीको नाममा रा.बा. बैंक कठौना स्थित धरौटी खाता २३२०१००३०३००००८ मा जम्मा गरि सोको सक्कलै भोचर वा वैंक जमानत भई कम्तिमा ७५ दिन म्याद भएको वाणिज्य वैंक (क श्रेणी) बाट यस न.पा.को नाममा जारी भएको बैंक जमानत (बिड वण्ड) दरभाउपत्र साथ संलग्न राख्नु पर्नेछ।

७। दरभाउपत्रदाताले आफुले कबोल गरेको प्रत्येक आईटमको मु.अ. कर बाहेक दररेटलाई अंक र अक्षर दुवैमा अनिवार्य रूपमा उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा लेखेको दररेट फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिईनेछ। BOQ को सबै आईटम नभरिएको बोलपत्रलाई रितपुर्वकको दरभाउपत्र मानिने छैन। साथै दरभाउपत्रको मूल्यांकन जम्मा आईटमको कूल रकमको आधारमा गरिनेछ।

८। दरभाउपत्र दाताले दररेट उल्लेख गर्दा केरमेट गरेको तथा टिपेक्स लगाएको ठाउमा सहीछाप नगरेको, दरभाउपत्र फारमको फोटोकपी गरि पेश गरेको, यस कार्यालयबाट बिक्री भएको दरभाउपत्र फारम अर्को व्यक्ति वा फर्मको तर्फबाट पेश गरेको वा आफ्नो तर्फबाट कुनै शर्त राखि पेश गरेको दरभाउपत्रलाई मान्यता दिइनेछैन।

९। विल अफ क्वान्टिटिमा उल्लेखित औषधीहरू, परिमाणमा थपघट भएमा दरभाउपत्र दाताले कवोल गरेकै दररेटमा उपलब्ध गराउनु पर्नेछ। कवोल गरेको दररेट आ.व. ०७७।७८ सम्म मात्र मान्य रहनेछ।

१०। आपुर्तीकर्ताले WHO GMP प्राप्त कम्पनीको औषधीहरू मात्र आपूर्ती गर्नु पर्नेछ। नेपालमा उत्पादित बाहेकका कम्पनीहरूबाट उत्पादीत औषधी आपूर्ती गर्नु पर्ने भएमा औषधी व्यवस्था विभागमा अनिवार्य रूपमा दर्ता भएको हुनु पर्नेछ।

११। आफूले सप्लाई गर्ने प्रत्येक औषधी, औषधी व्यवस्था विभागमा दर्ता भएको हुनु पर्नेछ।

१२। GMP/WHO/CI प्रमाण पत्र अनिवार्य पेश गरेको हुनु पर्नेछ। अन्यथा मूल्यांकन गरिने छैन।

१३। आपूर्ती गर्ने औषधीको मान्य हुने अवधि (एक्सपायरी डेट) मिति स्टोर दाखिला भएको दिनबाट कम्तीमा १८ महिना बाकी भएको हुनु पर्नेछ। अर्थात औषधीहरूको एक्सपायरी डेट स्टोर दाखिला मितिले ७५ प्रतिशत म्याद बाकी हुनु पर्नेछ।

१४। आपूर्ती हुने औषधीहरूको स्ट्रीप र बोतलको प्रत्येक प्याकिगं बाहिर उत्पादन मिति, एक्सपायरी डेट, ब्याच नं. र उत्पादन कम्पनीको नाम स्पष्टसँग अनिवार्य उल्लेख हुनु पर्नेछ। साथै नेपाल सरकारबाट निःशुल्क वितरणको लागि भन्ने लोगो प्रत्येक स्ट्रीप र वोतलमा अनिवार्य लगाउनु पर्नेछ।

१५। म्याद नाघी र रित नपुगी प्राप्त दरभाउपत्र उपर कुनै कार्यवाही हुने छैन।

१६। नगरपालिकाको हितलाई ध्यानमा राखी प्राप्त दरभाउपत्रहरू पूर्ण वा आंशिक स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस न.पा. कार्यालयमा निहित रहने छ।

१७। कुनै दरभाउपत्र दाताले दरभाउपत्रमा कुनै शंसोधन गर्न वा फिर्ता लिन चाहेमा दरभाउपत्र दर्ता गर्ने अन्तिम समय समाप्त हुनुभन्दा २४ घण्टा अगावै सिलबन्दी निवेदन दिनुपर्ने छ।

१८। कार्यालयले तोकेको समय भित्र औषधीहरू आपूर्ती गर्नु पर्नेछ।

१९। आपूर्ती गरिने औषधीहरू तोकिएको समय भित्र केही अंश वा सम्पूर्ण आपूर्ती हुन नसकेमा प्रचलित कानून बमोजिम कार्यवाही हुनेछ।

२०। खरिद कार्यवाहीमा भाग लिन अयोग्य नभएको, स्वार्थ नवाझिएको र व्यवसाय सम्बन्धि कसुरमा सजाय नपाएको भन्ने लिखित घोषण पत्र गरेको कागज बोलपत्र साथ अनिवार्य रूपमा संलग्न गर्नु पर्नेछ। सो घोषण पत्र दरभाउपत्र साथ संलग्न नभएमा मान्यता हुने छैन।

२१। आपुर्ती कर्ताले सप्लाई गरेको औषधी तथा अन्य सामानहरूको गुणस्तरमा शंका लागि परिक्षण गर्नु पर्ने भएमा आपूर्ती कर्ता स्वयमले परिक्षण गराई परिक्षणको प्रमाण पत्र पेश गर्नु पर्नेछ। परिक्षणमा लाग्ने खर्च आपूर्तकर्ता स्वयमले व्यहोर्नु पर्नेछ।

२२। यो सूचनामा उल्लेख हुन छुट भएका अन्य कुराहरू सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ शंसोधन सहित उल्लेख भए अनुसार तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ।

तपसिल

| सि.नं. | ठेक्का नं.: | विवरण | लागत अनुमान मु.अ.कर बाहेक | दरभाउपत्र दस्तुर | खरिद गर्ने अन्तिम मिति | दाखिला गर्ने अन्तिम मिति | खोल्ने मिति र समय | धरौटी रकम | धरौटी खाता नं. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १/२०७७/०७८ | औषधीहरू | १२,१०,०००। | १००० - | प्रथम पटकप्रकाशित मितिले १५ दिनसम्म | १६ सौं दिन दिनका १२:०० बजे सम्म | १६ सौं दिन दिनका २:०० बजे देखि | ३६,०००। | २३२०१००३०३ ००००८ |

.......................

विष्णु प्रसाद गुरुङ्ग

प्रमुख प्रशासकीय अधिकृत

# शनिदेव मन्दिरका बाबा र पुजारी बस्ने घरटहरा भत्काइयो



**दैनिक समाचारदाता**
**राजविराज, ९ माघ ।**
सप्तरीको रुपनी गाउँपालिका वडा नं. ६ स्थित शनिदेव सामुदायिक बन उपभोक्ता समिती र बन कार्यालयले बन अतिक्रमण गरि बनाईएको घरटहरा भत्काएको छ ।

बन अतिक्रमण गरि घर टहरा बनाएको भन्दै पर्यटक क्षेत्र शनिदेव मन्दिरका बाबा र पुजारी बस्ने घरटहराहरु डिभिजन वन कार्यालय सप्तरीले भत्काएको हो ।

डिभिजन बन कार्यालय शम्भुनाथ रुपनीका बन कर्मचारी र उपभोक्ता समितिका पदाधिकारीले मन्दिर संरक्षणका लागि बाबा र पुजारी बस्ने घर भत्किएको त्यहाँका भक्तजनहरुले जानकारी दिएका छन ।

शनीदेव धार्मिक पर्यटकिय क्षेत्रको रुपमा बिकास हुँदै गएको रहेको बेला शनिदेव प्रती पुर्वग्राह राख्ने केही ब्यात्तीको उक्साहटमा बाबा र पुजारी बस्ने घर भत्काएर दुःख दिएको पुजारी भुपेन्द्र यादवले आरोप लगाएका छन् । शनि देवलाई बदनाम गर्ने केही उच्श्रृखंल ब्यात्तीको पछाडी लागेर घरटहरा हटाउन समिती र बनकार्यालयको मिलोमतो रहेको पुजारी यादवको भनाई छ ।

वन समितिका पदाधिकारीले शनि मन्दिरबाट आएको आम्दानी हालसम्म बाँडिचुडी खादै आएको र आफुले मन्दिर बिकासमा लगाउनु पर्छ भनेपछि बाबा बस्न बनाएको घर भत्काईदिएको उनको आरोप छ ।

२०६३ सालमा शिव शनिधाम मन्दिर बिकासका लागि स्थानीय निकायको सिफारिसमा स्थानीय प्रशासनबाट अनुमति प्राप्त गरेको जानकारी गराउदै अतिक्रमको नाममा शनिदेव भक्तहरुलाई दुख दिन नमिल्ने यस्तो कार्य गरेको पुजारी यादवले गुनासो गरे ।

डिभिजन बन कार्यालय शम्भुनाथ रुपनीका प्रमुख सहायक बन अधिकृत रामअशिस यादवले डिभिजन बन कार्यालयको पत्राचार अनुसार सामुदायिक बनका आग्रहमा बन अतिक्रमण हटाउन कर्मचारी खटाएको स्वीकारेका छन् । बन अतिक्रमण गरि धैरै घरटहरा बनाएपनि एउटा मात्र टहरा भत्काएर बन कर्मचारी सहितको बन समिति फिर्ता भएका थिए ।

# सवारी ज्यान र धरौटी तिर्न नसक्दा चोरी मुद्दाका प्रतिवादी कारागार चलान

**दैनिक समाचारदाता**
**राजविराज, ९ माघ ।**
सवारी ज्यान मुद्दा र चोरी मुद्दामा पक्राउ परेका दुई जना प्रतिवादी शुक्रबार पूर्पक्षका लागि कारागार चलान भएका छन् ।

सप्तरीको खडक नगरपालिका वडा न. ३ घर भई हाल खडक नगरपालिका ११ बस्ने २९ वर्षिय लक्ष्मी चौधरीलाई सवारी ज्यान मुद्दामा सप्तरी जिल्ला अदालतको आदेशले पुर्पक्षका लागि कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

जिल्लाको बोदेबरसाइन नगरपालिका वडा नं. ५ स्थित बिष्णुपुर बोदेबरसाईन सडक खण्डमा पुस ११ गते चौधरीले चलाएको प्रदेश नं.२ ०१-००१प.७५३३ न.को मोटरसाईकल अनियन्त्रित भई दुर्घट्ना हुँदा उक्त मोटरसाईकलमा पछाडी सवार सोही स्थान निवासी २२ वर्षिय देवेश चौधरी घाइते भएका थिए । उनको उपचारका लागी लहानतर्फ लाने क्रममा बाटोमै मृत्यु भएको थियो ।

यस्तै मोटरसाईकल चोरी मुद्दामा पक्राउ परेका जिल्लाको छिन्नमस्ता गाउँपालिका वडा नं. ३ सखडा निवासी २४ वर्षिय मनोज कुमार चौधरी धरौटी तिर्न नसक्दा कारागार चलान भएका छन् । अदालतले चौधरीसँग ५५ हजार धरौटी माग गर्दा उक्त धरौटी बुझाउन नसक्दा कारागार चलान गरिएको प्रहरीले जनाएको छ ।

चौधरीलाई गत पुस १४ गते जिल्लाको रुपनी गाउँपालिका वडा नं. १ स्थितमा उपेन्द्र प्रसाद चौधरीको पार्कीङ गरी राखेको रा.१ प.२६१६ न.को मोटरसाईकल चोरी गरेको अभियोगमा प्रहरीले पक्राउ गरेको थियो ।

# तीन सय परिवारलाई जाडो राहत सामग्री बितरण



**दैनिक समाचारदाता**
**राजविराज, ९ माघ ।**
कोभिड १९ महामारीसंगै जाडोयाम र शीतलहर प्रकोपको समयमा बढी प्रभावित हुने परिवारहरुलाई विभिन्न जाडो राहत सामाग्रि बितरण गरिएको छ ।

अतिविपन्नमा परेका दलित, जनजाती, गर्भवती, सुत्केरी महिला एवं अपाडंगता भएका परिवारको पहिचान गरि सप्तरीको कंचनरुप नगरपालिका वडा नं. १, २, ४, ५, ७, ९, १० का तीन सय प्रभावित घरपरिवारहरुलाई ती राहत समाग्रि बितरण गरिएको हो ।

कोशी पीडित समाज सप्तरी र अक्सफाम नेपालको संयुक्त साझेदारीमा संचालित स्वच्छताको लागी व्यवहार परिवर्तन परियोजना अन्तरगत यूके एड युनिलिभरको आर्थिक सहयोगमा ती सामाग्रिहरु बितरण गरिएको संस्थाका कार्यकारी निर्देशक देवनारायण यादवले जानकारी दिएका छन् ।

बितरण गरिएको सामाग्रिहरुमा डबल साइजको खोल भएको फाइवर सिरक एक थान, उनीको साँल एक थान, पानी तताउने स्टीलको जग एक थान र सानो प्लास्टिकको झोला एकथान रहेको छ ।





## सूचना

हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ । यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*